नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 4 Monthly International Edition of Herald of His Coming April 2021

वर्ष २२, अङ्क ४ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (वैशाख, २०७८)

बादलको उज्यालो, बादलको महिमा

Clouds of Gloom, Clouds of Glory

By Lois J. Sturky (1428 - 2014)

March / Apr/issue 2021

आज म यहाँहरूको विचमा बादलमा परमेश्वरको महिमा को बारेमा केही जानकारी दिन चाहन्छु । म आशा गर्दछ यो सानो लेखबाट तपाईहरूले आशिष प्राप्त गर्नु हुनेछ । सुरुमै म एउटा प्रश्न सोध्न चाहन्छ । जब आँधी बेहरी आउन खोज्छ, आकाशमा ठूलो आवाज आउँछ तपाईं त्यति बेला के गर्नु हुन्छ ? हो, त्यतिवेला तपाई आउँदै गरेको आँधीको तयारी सामना गर्न तयारी गर्नु हुनेछ । यसलाई म आत्मिक रूपमा, यसरी भन्न चाहन्छु । आजको समाजले हामीलाई पाप र अधर्मको कालो बादलमा झुण्ड्याइरहेको छ । आँधीले जसरी विनास गर्दछ त्यसरी नै संसारलाई विनास गर्न रोगहरू, गरिबी, अनैतिकता, अधर्मजस्ता बादलहरूले हामीलाई डराउन खोजेका छन् । साँच्चिकै ठूलो आवाज आए पछि, संसार पापको बादलले घेरेको छ । बादल र आँधीले ल्याउने विनासबाट हामी तयारी हुनुपर्दछ । कति जना हामीहरूले बच्चा अवस्थामा जब आकाशमा चट्याङ पर्छ त्यतिबेला हामीभित्र कोठामा गएर विस्तारामा सिरकले टाउको ढाकेर, सिरानी मुनी हात राखेर सुत्ने गर्दथ्यौं । त्यो डराएको कुरा हो तर हामी अहिले जवान भइसकेका छौं त्यसरी भित्र पसेर लुक्ने होइन, बाहिर उभिएरै सामना गर्नु पर्छ ।

एक जना परिपक्क विश्वासीले संसारका बादलहरूलाई पछाडि पार्दै अगाडि बढ्नु पर्दछ । ति बादलहरूसंग सँगै हिँड्नु हुँदैन कालो बादललाई परमेश्वरको न्याय भनेर बुझ्नुपर्दछ र त्यो अन्धकारबाट विजय भएन भने उहाँको साथ आउँदछ । जस्तो वचनमा लेखिएको छ "परमप्रभुले स्वर्गमा आफ्नो सिंहासन तयार गर्नुभएको छ, र उहाँको राज्यले सबैमाथि शासन गर्दछ ।"(भजन संग्रह १०३: १९)

उहाँको अगाडि बादलहरू भनेको त "खुट्टाको धुलो" जस्तै हो । परमेश्वरले आँधी बेहरीमा मार्ग निर्माण गर्नुहुन्छ । "उहाँ रीस गर्नमा ढिलो र शक्तिशाली हुनुहुन्छ ।"(नहूम १: ३) यदि हामीले उहाँतिर फर्केर पश्चाताप गरेर प्रार्थना गऱ्यौ भने उहाँले हामीलाई छुटकारा दिन उहाँ सक्षम हुनुहुन्छ । शक्तिशाली हुनुहुन्छ । उहाँले हरेक राष्ट्रलाई आफ्नो हस्तक्षेपमा राख्न चाहनुहुन्छ । हामीलाई प्रार्थना गर्ने शक्ति पनि परमेश्वरबाट नै आउँदछ । परमेश्वरको अनुग्रह बाच्नै त्यो शक्तिप्राप्त गर्दछौं र हामीलाई चाहिने जति अनुग्रह उहाँले नै दिनु हुन्छ । यदि हामीले साँचो पश्चाताप गरेर प्रार्थना गऱ्यौ भने अहिले सम्म कहिल्यै अनुभव नगरेको शक्ति परमेश्वरबाट आउँछ ।

स्वर्गमा भएको उच्च स्थानबाट परमेश्वरको शक्तिलाई पृथ्वीमा हामीले झार्न सक्नु पर्दछ । यो तपाईंको हातमा छ । हामीले कल्पना गर्न पनि नसकेको जस्तै गरि आकाशको कालो बादललाई झाडेर आफ्नो ज्योति हामीमाथि पर्दछ अति हामी उज्यालो हुन्छौं । यो कुरा हाम्रो लागि असम्भव जस्तो पनि लाग्दछ । जस्तो लेखिएको छ "जुन चिजहरू मानिसको लागि असम्भव छ, ती परमेश्वरमा सम्भव छ ।"(लूका १८ : २७) कोही मानिस पनि नास नहोस भन्ने परमेश्वर चाहनुहुन्छ ।

जब हामी पवित्र आत्मा हाम्रो जीवनमा अचम्म प्रकारले काम गर्दछ

भनी विश्वास गर्दछौं तब हामी कहिलै पनि पछि हटेर जाँदैनौ । परमेश्वरले हामीलाई उहाँका प्रतिज्ञाहरूलाई राम्रो सँग पक्रि राख्न शकि दिनुहुन्छ । वास्तवमा हामी यो काम गर्न असम्भव छौं । तर उहाँबाट शक्ति जब हामीले प्राप्त गर्दछौं तब सबैकुरा सम्भव छ । "किनकि म सुकेको जमीनमा पानी र सुक्खा भूमिमा खोलाहरू खन्याइदिनेछु । म तेरो वंश माथि मेरो आत्मा खन्याइदिनेछु । र तेरो सन्तानलाई आशिष दिनेछु ।" (यशैया ४४:३)

व्यक्तिगत जीवनमा बादल

आज हाम्रो देश समाज मात्र होइन व्यक्तिगत जीवनमा पनि धेरै अन्धकारको बादलहरूले घेरिएको हुन्छ । हाम्रो जीवनमा विभिन्न प्रकारको रोग, अशिक्षा, कुरितीहरू जस्ता अन्धकार कतै न कतै लुकेका हुन सक्छन् । हाम्रो जीवनमा कति कठिनाइको सामना गर्नु परेको हुनसक्छ । हाम्रो जीवनलाई निराशको बादलले घेरेको हुन सक्दछ । यति बाक्लो बादल हुन सक्छ कि जसले परमेश्वरको अनुग्रहको शक्ति आवश्यकता पर्दछ । आफै हामी पट्टिबाटै गम्भिर असफलता, निराशा, बुढ्यौली, अपमानजनक विवाह, छोराछोरीहरू अपाङ्ग जन्मनु, परमेश्वरको मार्ग भन्दा संसारको मार्गतिर ध्यानदिने श्रीमान्/श्रीमती, एक्लोपन ऋण जस्ता कुराहरूले हामीलाई अढाई रहेको हुन सक्दछ । यो समयमा मैले धेरै वर्ष अगाडि गएको गीत सम्झेको छु ।

बादलको पछाडि सूर्य, सधैं चहकिलो हुन्छ । ठूलो बादलले त्यो बादललाई हटाएपछि उज्यालो हुन्छ, बादलको पारिपट्टि परमेश्वरले गुलाविरँग तयार गर्नुभएको रहेछ, बादल पछाडिको किरणले बाहिर आउन खोजिरहेको हुन्छ ।

परमेश्वर बादल भन्दा माथि हुनुहुन्छ, उहाँले हामीलाई बादलभन्दा माथिबाट हेर्नुहुन्छ । बिचमा बादलै भएतापनि उहाँले हामीलाई प्रेम चाहिँ गरिरहनुहुन्छ । सूर्य अस्ताएको बेला अँध्यारो हुन्छ तर परमेश्वरको प्रेम त्यतिवेला पनि एक समान हुन्छ । हाम्रो जीवनमा पापहरूले भएपनि हामीले पश्चाताप गर्‍यौं भने उहाँले आफ्नो प्रकाश हामीमा प्रदर्शन गर्नुहुन्छ । परमेश्वरको बुद्धिले हामीलाई साँच्चिकै शान्त र सिद्ध स्थान तिर डोर्‍याउँदछ । उहाँलाई पच्छाउनु भनेको उहाँको ज्योतिमा आउनु भनेको हो । जतिसुकै गाह्रो भएता पनि उहाँले हामीलाई सधैं उत्साह दिनुहुन्छ । यो अतिनै उत्साहपूर्ण पदलाई हेरौं ।"

यशैले नडरा, किनकि म तँसित छु, निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु, म तँलाई सहायता गर्नेछु, मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्ने छु ।" (यशैया ४१:१०)

महिमाको बादल

हामीले अहिले निराशाजनक बादलको वारेमा हेर्दै थियो, अब हामी छोटकरिमा महिमाको बादलको बारेमा सिकौं । आकाशबाट तल आउनु भनेको परमेश्वरको महिमाको उपस्थिती हो । "तब भेट हुने पाल बादलले छोप्यो, र परमप्रभुको महिमाले पवित्रवासस्थान मरियो । अनि मोशा भेट हुने पालमा पस्न सकेनन् किनकि त्यो बादल त्यसमा बसिरह्यो र परमप्रभुको महिमाले पवित्र वासस्थान मरियो ।"(प्रस्थान ४०: ३४-३५) (१ राजा ८ : १०- ११ पति हेर्नुहोस्)हामी यहाँ परमेश्वरको महिमा देख्न सकिन्छ । कस्तो अचम्मको कुरा । "जब राजाको मुहार उज्यालो हुन्छ, यसको अर्थ जीवन हुन्छ । तिनको निगाह बसन्त ऋतुका झरीको बादलजस्तै हो ।" (हितोपदेश १६ : १७) के हामीले खोजेको आशिषको बादल यस्तै होइन र ?

"वसन्त ऋतुको समयमा परमप्रभुसँग वर्षामाग । परमप्रभुले नै बादलहरू भएको आँधी बनाउनुहुन्छ । उहाँले मानिसहरूलाई पानीको झरी बसाईदिनुहुन्छ, हरेकलाई खेतमा बोट बिरुवा दिनुहुन्छ ।" (जकरिया, १० : १) आत्माको प्रशस्त फसलको लागि यहीं तरिका हो ।

जब खीष्ट स्वर्गिय बादलमा स्वर्गदूतको साथमा उहाँको शक्तिद्वारा यस पृथ्वीमा आउनुहुनेछ त्यो दिन कति रमाहटको दिन हुनेछ ।"किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित प्रधान स्वर्ग दूतको आवाज र परमेश्वरका तरहीको स्वरसित स्वर्गबाट ओर्लनु हुनेछ, र खीष्टमा मरेकाहरूचाहिँ पहिले बौरि उठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूमा साथसाथै बादलमा उठाइलागिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं ।" (१ थेसलो निकी ४ : १६ - १७), महिमित परमेश्वरले हाम्रो ध्यान उहाँ तर्फ केन्द्रित भएको चाहनुहुन्छ । उहाँले शत्रुहरू हाम्रो हृदयको मित्र पसेको चाहनुहुन्न हाम्रो परमेश्वर सधैं बादलको सवारिमा हामीसँग आएको र हामीसँग सधैं वसेको उहाँ हामी सँग सँगै हुन चाहनुहुन्छ । आउनुहोस् हामी त्यो क्षणको प्रतिक्षा गरौं । बादलले हामीलाई ढोकेको, दिन, हामी स्वतन्त्र भएको हितलाई प्रतिक्षा गरौं । के तपाई त्यो दिनको पर्खाइमा हुनुहुन्छ वा । कस्तो आनन्दको दिन बादलले ढाकेको दिने, उहाँको उपस्थिति भएको दिन ।

असाधारण संयुक्त प्रार्थना

Extraordinary United Prayer

By Bill Ellif

May/ June issue 2021

(यो लेख Heart Cry for Revival सम्मेलनमा Bill ले प्रचार गर्नुभएको अनलाइन सन्देशबाट लिइएको हो । केही कुराहरू सम्पादन पनि गरिएको छ । अनुमतिले यहाँहरूको बिचमा ल्याइएको सन्देश - सं.)

केही वर्ष अगाडि जब म हवाईजहाजमा यात्रा गरिरहेको थिएँ, मैले एकजना व्यापारीले राम्रो सुट, महँगा जुत्ता, रोलेक्स घडी लगाएको देखेँ । यी सबै कुरारु हुनुको कारण त मलाई थाहा छैन तर उहाँ एक शक्तिशाली व्यक्ति हुनुहुन्छ, सायद उहाँले अर्थपूर्ण कुरा गर्नुहुन्छ, जस्तो मलाई लागेको थियो । अचानक एउटा कुरो दिमागमा आयो- हवाईजहाजमा सबैभन्दा महत्वपूर्ण व्यक्ति को होला ? यो कुरा मलाई पवित्र आत्माले देखाउनु भएको जस्तो मलाई लाग्यो । अनि तुरुन्तै परमेश्वरबाट त्यो प्रश्नको उत्तर पाइहालेँ । उहाँले सोध्नु भयो, "बिल ! यो विमानमा सबैभन्दा शक्तिशाली व्यक्ति भनेको प्रार्थना गर्ने व्यक्ति हो । किनभने त्यो मानिसले परमेश्वरलाई हामीहरूको बिचमा ल्याउँदछ । कुनै पनि कोठा वा सभामा सबैभन्दा शक्तिशाली व्यक्ति भनेको साँच्चिकै प्रार्थना गर्ने व्यक्ति हो ।

अब त्यसलाई म अलि विस्तारमा भन्न चाहन्छु । एकजनाले मात्र होइन तर सम्पूर्ण परिवारले नै प्रार्थना गरे भने कति शक्तिशाली होला ? एउटा परिवारले मात्र होइन तर सम्पूर्ण मण्डलीले लगातार नथाकीकनै प्रार्थना गरे भने कस्तो होला ? एउटा मण्डलीले मात्र होइन, विश्वभरिका विभिन्न ठाउँमा रहेका व्यक्तिहरूले साँच्चिकै प्रार्थना गरे भने कस्तो होला ? अरु निरन्तर संसारभरिका मानिसहरूले स्वर्गीय प्रभुसँग प्रार्थना गरे भने म भन्दछु परमेश्वर अवश्य सबैभन्दा महत्वपूर्ण कुरा के भने यो प्रश्नको उत्तर स्वर्गबाट यस पृथ्वीमा आउनु पर्दछ । हामी जब सँगै बसेर प्रार्थना गर्दछौं अलौकिक पृथ्वीमा आउनु पर्दछ । हामी जब सँगै बसेर प्रार्थना गर्दछौं अलौकिक आशिस प्राप्त हुनेछ । उहाँले हाम्रो प्रार्थना अवश्य सुन्नुहुन्छ । H.T. Pierson उहाँ जर्ज मुलरको ज्वाई हुनुहुन्छ, "संसारमा भएका कुनै पनि आत्मिक ब्युँझाईहरू संयुक्त प्रार्थना बिना भएकै छैन ।

मलाई तपाईंहरूलाई आफ्नो जीवन गम्भीर भएर छाँटकाँट गर्नको लागि आग्रह गर्दछु । तर म तपाईंलाई पहिला प्रश्न सोध्न चाहन्छु, "सधैँ प्रार्थना गर, र निरास नहोऊ" (लूका १८ : १) आज हामीले किन सधैँ एकतामा भएर प्रार्थना गर्नुपर्दछ ? किन हामीले पवित्र आत्मामा भरिएर स्वर्गलाई पृथ्वीमा झार्नु पर्दछ ।

म तपाईंहरूलाई एफिसीको पुस्तक ७ : १० - २० सम्ममा तपाईंको ध्यान केन्द्रित गर्न चाहन्छु । यहाँ ३ वटा महत्वपूर्ण कुरा हेर्दछौ । यो खण्डको सुरुवात "...प्रभुमा र उहाँको शक्तिको सामर्थ्यमा बलवान होओ । दियावलसका युक्तिहरूले विरुद्धमा खडा हुन सक्तलाई परमेश्वरका सारा हातहतियार धारणा गर । किनकि हामीहरूलाई युद्ध शरीर र रगतको विरुद्धमा होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याईं आत्मिक सेनाहरूका विरुद्ध हो । यसैकारण तिमीहरूका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सकन, र सबै काम गरेर खडा हुन सक्ने होओ । (१-३)

एक दुश्मन शत्रु

हामी किन एक भएर प्रार्थना गर्नुपर्दछ ? हामीसँग अनन्त शत्रु छ । ऊ कहिल्यै सुन्दैन । ऊ हार मान्दैन । उसले यसो भन्दैन "ठिकै छ, कोभिड भाइरस छँदैछ, यो एकदम कठिन वस्तु हो, त्यसैले म खीष्टको मण्डलीको सामुन्ने जान्न," दुष्ट एक अनियन्त्रित दुस्मन हो । म तपाईंलाई यो कुरा भन्न चाहन्छु कि, पावलले शत्रुहरूको विषयमा यसरी भनेका छन्, "पहिलो कुरा शत्रु धेरै शक्तिशाली छ, तापनि अस्थायी र अधिकार पाएको छ ।" तर पावलले प्रयोग गरेका यी शब्दहरूलाई हेरौं । उनी भन्दछन्, "हाम्रो लडाईं मासु र रगतको विरुद्धमा होइन, हाम्रो युद्ध त्यस्तो होइन, हामी प्रधानताहरूका विरुद्धमा हो । यसले यो संकेत गर्दछ कि हाम्रो अधिकारको पनि स्वर छ । शक्ति शब्दले शत्रुको क्षमताको पनि स्तर छ । शत्रुले काम गर्दछ र काम गर्न दिन्छ । उसले परमेश्वरको विशेष कामलाई रोक्न खोज्दछ । पावलले अगाडि भन्दछन् कि "हामी यस संसारको शत्रुको शक्तिको विरुद्धमा हामी लड्छौं । यो केवल अलग्गै घटना मात्र

होइन । यसको बदलामा यो शत्रुसँग संसारभरि नै सैन्य शक्ति छ ।" त्यसैले पावलले भनेका छन् "आत्मिक शक्तिहरू" अर्को शब्दमा भन्ने हो भने यो केवल भौतिक चिज मात्र होइन, स्वर्गीय स्थानहरूमा भएका दुस्ट्याईंका आत्मिक सेनाहरूका विरुद्ध युद्ध गर ।

यसै कारणले यो शत्रुसँग अधिकार छ, उसको पनि योजनाहरू छन् । पावलले भन्दछन् "दियावलसका युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर ।" (पद ११) 'योजनाहरू' शब्द Methodeia बाट आएको हो । हाम्रो शत्रुसँग त्यसकारणले विधिहरू छन् । हामीले मसिही अगुवाहरूको संख्या कम हुँदै गएको देखेका छौं । यसमा तिनीहरूको व्यक्तिगत जिम्मेवारी छ । वास्तवमा यो तिनीहरूले भनी तिनीहरू जान्दछन् । हो, तर तिनीहरूलाई परमेश्वरको योजनाहरू पनि छन् भनी तिनीहरू जान्दछन् । शत्रुले तपाईंको विरुद्धमा योजनाहरू बनाइरहेको छ भन्ने के तपाईंहरूलाई थाहा छ । उसले तपाईंलाई चिन्दछ, उसले तपाईंको जीवनको ढाँचालाई हेरिरहेको हुन्छ । परमेश्वरको राज्यमा तपाईंले आफ्नो जीवनका लागि गर्नुभएको उसलाई थाहा छ । उसले तपाईंलाई नियन्त्रण गर्न सक्दैन । परमेश्वरको राज्यलाई परित्याग गर्ने विषयमा ऊ त्यति चिन्तित देखिँदैन । त्यसलाई पूरा गर्ने ऊ सँग योजनाहरू छन् ।

एक दिन मैले मेरा छोराछोरी र नातिनातिनाहरूको लागि प्रार्थना गरिरहेको थिएँ । मेरा आठजना छोराछोरीहरू, तिनीहरूको जोडीहरू र बाइस जना नाति-नातिनाहरू छन् । अचानक मैले नामै लिएर नाति-नातिनाहरूको लागि नामै लिएर प्रार्थना गर्दै थिएँ । यो कुरा मैले सोचँ-मेरा नाति नातिनाहरूका विरुद्धमा शत्रुले योजना बनाएको छ । त्यसले षड्यन्त्र गर्दछ, छल्छ । परमेश्वर बाहेक दुष्टको यस संसार डाटावेस छ । आउन लागेको योजनाबारे तपाईंलाई थाहा छैन भने तपाईंका छोराछोरी र नातिनातिनाहरूलाई के थाहा होला ? परमेश्वरले शत्रुको योजनालाई परित्याग गर्न तथा गर्नुभएका औजारहरू प्रयोग गरेर तपाईंले ती योजनाहरूविरुद्ध प्रार्थना गर्नुभएन भने के हुन्छ ?

अति ध्यान दिएर सुन्नुहोस्, जब मण्डली परमेश्वर प्रार्थना गर्न थाल्दछ, ती योजनाहरू अझै बढ्नेछन् । शत्रु छेउछाउमा मात्र बस्न जान्दैन, उसका सम्पूर्ण योजना रद्द हुनेछन् ।

दियावलसका धुर्तचालहरू मात्र होइन उसले काम गर्न वातावरण नै दुष्टताले भरिएको छ । हामी "खराब दिनमा सामना गर्न सकौं (पद १३) पावलले चाहन्छ । के हामी खराब दिनहरूमा अहिले छैनौं भन्ने कसैलाई लाग्छ ?

धेरै वर्ष पहिले मानिसहरूले घरि घरि भनिरहने एउटा भनाइ मैले सुनिरहन्थें । त्यो कुरा स्पष्ट रूपले ठीक वा बेठीक थियो मलाई थाहा थिएन । अनि मैले रोमीको पुस्तक एक अध्याय पढ्न सुरु गरें र यो कुरा पत्ता लगाएँ, जब मानिसहरूले परमेश्वलाई हुँदैन भन्दछन्, तब परमेश्वरले भन्नुहुन्छ, "ठीकै छ, मैले तिमीहरू आफैंलाई यो कुरा सुम्पिएको छु ।" यो अध्यायमा परमेश्वरले तीन पटक तिनीहरूलाई छाडिदिनुभयो । "परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो ।" (रोमी १ : २८, २४; २६)

यदि तपाईंसँग अध्ययन सामग्रीहरू छन् भने यो शब्द 'reprobate' को अर्थ के हो गहिरोसँग अध्ययन गर्नुहोस् । यसको अर्थ यो हो कि, तपाईंले नैतिक निर्णयहरू गर्ने क्षमता शाब्दिक रूपमा गुमाउनु भएको छ । अब तपाईंलाई ठीक कुरा पनि बेठीक लाग्न सक्दछ र त्यसैको निम्ति तपाईं मरिहत्ये गर्नु हुनेछ । तपाईंको लागि गलत पनि सही लाग्न सक्दछ । यी भनाइहरू मैले घरि घरि सुनिरहन्थें । अहिले पनि ती वाक्यहरू मैले घरि घरि हाम्रो संसारमा सुनिरहन्छु । अहिले हामी बाँचेको समयको बारेमा तपाईं सचेत हुनुहुन्छ भने, दुष्टको शक्ति र अधिकारको बारेमा सोच्नु भएको छ भने युद्धमा हिँडेको सेना रेखा भन्दा बाहिर गएजस्तै तपाईं पनि गलत बाटोतिर हुनुहुन्छ । त्यही खाली ठाउँबाट शत्रु छिर्न सक्दछ ।

नरोकिकनै संघर्ष

हामीसँग सधैं रहिरहने शत्रु भएको कारणले गर्दा हामीसँग सधैं संघर्ष भइ नै रहन्छ । पावलले भनेका छन्, "हामी सधैं युद्ध गरिरहेका हुन्छौं" (एफिसी ६ : १२) यो हाम्रो संघर्ष हो अरु कसैको होइन । यसको अर्थ एउटा हातले अर्को हातसँग लडाईं गर्नु भन्ने हुन्छ । यो अफगानिस्तानमा के भइरहेको छ भनेर टि.भीमा. हेरेजस्तो होइन । यो मेरै कोठाभित्र भएर लडाईं गरेजस्तै हो । यो मेरो संघर्ष हो । यो तपाईंको पनि संघर्ष हो जुन नरोकिकनै हाम्रो जीवनभरि हुन्छ ।

ध्यान दिएर सुन्नुहोस् ! यदि तपाईंले त्यो संघर्षलाई बुझ्नु भएन वा त्यो संघर्षलाई अनुभव भएन भने तपाईं त्यो संघर्षमा शत्रुले तपाईंलाई जितेको छ भन्ने हुन्छ । अब तपाईं साँचो संघर्षबाट बाहिर जानुभएको छ । कोठामा बसेर टि.भी. हेर्ने हो भने टि.भी. मा

संघर्षको जस्तो घटना हेरिरहेको जस्तो मात्र हो । जस्तै संघर्ष भएको घटना देखे तापनि तपाईंलाई त्यसले अनुभव गराउँदैन, तपाईंले त्यति ध्यान दिनु पनि पर्दैन । दुस्मनको आक्रमणको अनुभव टि.भी. हेरेर थाहा पाउन सकिँदैन । यस्तो प्रकारको संघर्ष किताब पढेजस्तो मात्र हो तर यस्तो हुनु विश्वासीहरूको लागि अति नै दुःखको कुरा हो ।

पावलले अगाडि भन्दछन् कि "खराबी दिनको सामना गर्न एक" (पद) यो सुन्दर छोटो वाक्यांशको अर्थ के हो भने तिमीहरूले प्रतिकार गर्न सक्नेछौं भन्ने हुन्छ । तपाईंले युद्ध जित्न सक्नु हुनेछ, ईश्वरशास्त्रले यस विषयमा के भनेको छ, "...जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ ।" (१ यूहन्ना ४ : ४) यो परमेश्वरको वचनले यदि तपाईंले दुष्टको प्रतिरोध गर्नुभयो भने त्यो तपाईंबाट भाग्ने छ भनेको छ कि, तपाईं उसबाट माग्नुहुन्छ के भनेको छ ? परमेश्वरको वचनले यसको भन्दछ "दियावलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ ।" (याकूब ४ : ७) दुष्ट तपाईंको यताउति घुमेर फर्केर आउन सक्दछ तर तपाईंले त्यसको प्रतिरोध गरिरहनुहोस्, प्रतिरोध गरिरहनुहोस्, र प्रतिरोध गरिरहनुहोसु ।

त्यसो भए हामीले कसरी युद्ध गरिरहेका छौं ? पावलले एफिसीको पुस्तकमा भन्दछन्, "बलियो होओ" (६ : १०) यदि ऊ हाम्रो नजिकै रोकियो भने हामी समस्यामा पर्नेछौं । हाम्रो आफ्नै यस्ता शत्रुहरूसँग युद्ध गर्ने कुनै सामर्थ्य भने छैन । तर पावलले अझै यसो भन्दछन्, "प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान होओ" (पद १०)

एक वर्ष अगाडि शनिवारको दिन राति म बिरामी परें । एक एकदमै बिरामी भएको थिएँ । भोलिपल्ट बिहान सकिनसकी म मण्डली गएँ र त्यो दिन मैले प्रचार गर्नुपर्ने अति नै गहन सन्देश मसँग थियो । तर मैले केही पनि सम्झिन सकेकै थिइन । मलाई थाहा थियो मैले वचन प्रचार गर्नै पर्दछ । अनि म छेउतिरको कोठामा गए र केही समय प्रार्थना गरें, "प्रभु प्रचार गर्नको लागि मसँग शक्ति छ कि छैन मलाई थाहा छैन" परमेश्वरको आत्माले मलाई तुरुन्तै भन्नुभयो, "यो काम तिम्रो शक्तिबाट गर्नुपर्छ भनेर कसले भन्यो ?" मैले सोचें ठीकै छ प्रभु ! तपाईंले भनेको एकदमै ठीक छ" "तपाईं मेरोभित्र बस्नुहुन्छ । तपाईं मेरो बल हुनुहुन्छ ।" त्यसो भए प्रभु तपाईंले मलाई आफ्नो बलले तुरुन्तै भर्नुहोस् त ? म तपाईंलाई भन्दछु, म गर्व गर्न चाहन्न म बाहिर गएँ र दुईवटा सेवामा पवित्र आत्माको आगोको घरमा प्रचार गरें । त्यसपछि म घर गएँ ।

सुन्नुहोस्, हामी प्रभुमा कमजोर हुनुपर्ने कुनै बेला आएको छैन । तपाईंको विश्वासको जीवनको हिँडाइको जुनसुकै अवस्थामा पनि बलियो र साहसी हुनुहोस् । तपाईं जस्तोसुकै अवस्थामा भए तापनि प्रभुमा बलियो हुनुहोस् । तपाईं उहाँमा भर पर्नै पर्ने हुन्छ । परमेश्वरले तपाईंलाई दिनुभएको काम पूरा गर्न उहाँले तपाईंलाई बल दिनुहुन्छ ।

अर्को कुरा, पावलले भन्दछन्, "परमेश्वरको हातहतियार धारण गर (पद ११) उहाँको वस्त्र लगाऊ" म हातहतियार धारण गरेर घरि घरि हिँड्न सक्दिन होला, हरेक हतियारको एकदमै विशेष काम र अधिकार छ ।

यो माथिको खण्डले भनिरहेको छ कि व्यक्तिगत पवित्रताले तपाईं कहिल्यै पनि हिँड्न सक्नुहुन्छ । तपाईंले उहाँको धार्मिकताको वस्त्र लगाउनु पर्दछ । तपाईंलाई उभिनको लागि खुट्टा चाहिन्छ । तपाईंले परमेश्वरको वचनलाई उठाउनु पर्दछ, त्यो नै आत्माको तरबार हो । तपाईंलाई विश्वासको ढाल चाहिन्छ । यसरी नै ती शत्रुका हतियारलाई निभाउन तपाईं तयार हुनुहुनेछ । यो एकमात्र तरिका हो ।

मलाई लाग्छ हामी धेरैजसो विशेष गरी मण्डलीमा अगुवाहरू 'पेशेवर' पवित्र पनि हुन सक्दछौं । तपाईंको मण्डलीमा तपाईं कसरी काम गर्नुहुन्छ त्यो त तपाईंलाई नै थाहा छ । कुनै कामहरू त आफ्नो निन्द्रामा पनि गर्न सक्नुहुन्छ, परमेश्वरविना पनि कति काम गर्न सक्नुहुन्छ । अन्तमा जब शनिबार आउँछ अनि तपाईं सोच्न थाल्नुहुन्छ, "मैले भोलि प्रचार गर्नुपर्दछ, मेरो जीवन परमेश्वरसँग बाहिर बाहिर गएको छ । यो हप्तैभरि मैले तपाईंसँग तपाईंले यसो भन्दै हुनुहोला, "ठिकै छ प्रभु ! कृपा गरी मलाई क्षमा गर्नुहोस्, शुद्ध गर्नुहोस्, तयार गर्नुहोस् र मलाई प्रयोग गर्नुहोस् ।"

तपाईंको जीवन त उस्तै छ तर भोलि उहाँको काम गर्नुपर्ने भएकोले परमेश्वरले तपाईंलाई प्रयोग गर्नु हुन्छ । हामीहरूले लेबीहरूले पाउने पवित्रतालाई त्यति बुझेका हुँदैनौं । यस्तै यदि सोमबारको दिन कुनै मानिसले पूर्ण रूपमा परमेश्वरलाई खोजेको छ र हातहतियार धारण गरेको छ, परमेश्वरले मंगलबार परमेश्वरले आफ्नो वचन उसको हृदयमा बोलिरहनुभएको छ भने हुन्छ नि ? परमेश्वर हामीसँग हप्तैभरि संगति गर्न चाहनुहुन्छ । र, आइतबार परमेश्वरको वचनलाई ठीक प्रकारले प्रचार गर्न सक्दछ । त्यसैले परमेश्वरको पूरा हातहतियार धारण गर, जसले गर्दा तिमीहरू हप्तैभरि शत्रुको सामना गर्न सक्नेछौं ।

त्यसो भए हामीले के गर्दछौं त ? हामीसँग हातहतियार छ, हामी उहाँको शक्तिले भरिएका छौं, अब हामी के गर्न सक्छौं ? अब यहाँ एकदमै महत्वपूर्ण माग छ, यतिबेला हामी आत्मामा प्रार्थना गरिरहेका हुन्छौं । जस्तो भनिएको छ "सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो ।" (एफिसी ६ : १८)

म जान्दछु, यस पदमा चारवटा 'alls' हरू छन् भन्ने कुरा कति मानिसहरूलाई थाहै छैन । सारा प्रार्थनाहरू- आराधनाको प्रार्थना, स्विकारको प्रार्थना, पश्चातापको प्रार्थना, प्रबन्धको प्रार्थना, परमेश्वरको राज्यको निम्ति प्रार्थनाहरू । यी कुराहरू प्रभुले सिकाउनुभएको प्रार्थना (मत्ती ६ : ९-१३) मा स्पष्टै छ । पावलले यहाँ के भनिरहेका छन् यो कुरा उनले मत्तीको पुस्तकबाट सिकेका हुन सक्दछन् ।

पावलले भन्दछन्, "निरन्तर प्रार्थना गरिरहो" (१ थेसलोनिकी ५ : १७) यो सानो पद छ तर सधैं आत्मामा भएर प्रार्थना गर्ने कुरालाई उत्साह दिएको छ । यो पदले हामीलाई पिरोल्न सक्दछ । के तपाईंलाई थाहा छ, यो सम्भव छ ? M anley Beasley नाम गरेका मेरा एकजना मित्र हुनुहुन्थ्यो उहाँ अहिले स्वर्ग गइसक्नुभयो । उहाँ मेरो निम्ति र अरु धेरै जवान पास्टरहरूको लागि एक असल सल्लाहकार हुनुहुन्छ । जीवनको अन्तिम २० वर्षमा उहाँ गम्भीर रोगले सताइनुभएको थियो । उहाँ दिनदिनै मृत्युको मुखमै पुगेजस्तै गरी बिरामै हुनुहुन्थ्यो । वास्तवमा उहाँका एकजना मित्रले भनेका थिए, "तपाईंलाई बिदाई गर्न साह्रै गाह्रो परेको व्यक्ति हुनुहुन्छ ।"

उहाँ मृत्यु हुनुभन्दा अगाडि अस्पतालको कोठामा भएको बेलामा उहाँले परमेश्वरको उपस्थिति बाढी झैं आएको अनुभव गर्नुभएको थियो । उहाँले माथितिर हेर्नुभयो, त्यहाँ एकजना महिला ढोकामै उभिएजस्तै देख्नुभयो । ती महिलाले भनिन्, "तपाईं Manley Beasley हुनुहुन्छ ? उहाँले भन्नुभयो 'हो' । उनले भनिन्, "म Corrie Manley Beasley हुँ" तिनी उहाँको बेड वरिपरि हिँडिन् । तिनले भनिन्- हामीले केहीबेर कुराकानी गर्यौं । यस्तो मैले कहिल्यै पनि गरेकी थिइन् । तिनले परमेश्वरसँग कुराकानी गरिन् । त्यसपछि तिनले मसँग पनि बोलिन् । यसरी हामी तिनैजना मेरो साथी, ती महिला र म विश्वासै गर्न नसकिने गरी बाचचित गर्यौं ।

त्यहाँ के भएको थियो, हेर्नुहोस् त साँचो आत्माले हामी प्रार्थना गरिरहेका थियौं । Corrie ले स्वर्ग र पृथ्वीको बिचमा भएको सम्भाव्यतालाई बन्द गरिरहेकी थिइन् । तिनी त्यही बसेकी थिइन्, तर उनले आत्माको बोली सुनिरहेकी थिइन् । साँचो प्रार्थना भनेको परमेश्वरले के भन्न खोज्दै हुनुहुन्छ मानिसहरूको बिचमा ल्याउनु हो । "तपाईंको राज्य आओस्, तपाईंको इच्छा स्वर्गमा जस्तै यस पृथ्वीमा पूरा होस्" हामीले दिनभरि के के बोलिरहेका हुन सक्दछौं, राम्रोसँग प्रार्थना गरेका हुन सक्दछौं लगनशील भएर प्रार्थना गरिरहेका हुन्छौं । प्रार्थना गर्ने कुरामा कहिल्यै नथाक्नुहोस् । लगातार गरिरहनु होस् (प्रकाश ५ : ८, ४ : ४ देखि तल)

र, सबै सन्तहरूको लागि प्रार्थना गर्नुहोस्, तपाईंका छोराछोरीको लागि, मण्डलीको लागि, तपाईंको पास्टरको लागि, अगुवाको लागि, सेवकहरूको लागि लगातार प्रार्थना गर्नुहोस् । हामीले जानाजानी, लगातार सबैको लागि प्रार्थना गर्नु पर्दछ । यसको विकल्प कत्ति पनि शून्य छैन । प्रार्थना तपाईंको जीवनको छेउको कोठा हुनु हुँदैन र तपाईंको सेवकाईको पनि । प्रार्थना यस्तो ठाउँ हो जहाँबाट तपाईंका सबै कुराहरू मूल फुट्दछन् ।

निरन्तर सेवकाई

अन्तमा, यस्तो प्रकारको प्रार्थना किन आवश्यक छ ? हामी सँगसँगै रहने शत्रु छ जसको अर्थ हामीसँग निरन्तर संघर्ष छ । तर हामीसँग निरन्तर हुने काम पनि छ । यो खण्डको अन्तिम अंशलाई नछुटाऊँ । पावलले यसरी भन्दछन्, "मेरो निम्ति पनि प्रार्थना गर, कि जब म आफ्नो मुख खोल्छु तब मलाई वचन दिइयोस्, र म निर्भयतासाथ सुसमाचारको रहस्य घोषणा गर्न सकूँ । जसको निम्ति म साङ्गाले बाँधिएको एक राजदूत हुँ, र जसरी मैले बोल्नुपर्ने हो त्यसरी म साहससँग बोल्न सकुँ ।" (एफिसी ६ : १९, २०) पावलले आफ्नो जीवनभरि खीष्टमा जीवन बिताए र उहाँलाई महिमित गरेर त्यसरी खीष्टको सन्देश अगाडि बढ्न सकोस् । यहाँ पावलले आफ्नो मुख लोलुन् भनी प्रार्थना गरे । जसरी येशूले आफ्नो मुख खोली दिनुभयो, तब स्वर्गबाट सोझै उहाँद्वारा जिउँदो पानीको खाँचो परेका मानिसहरूको बिचमा आउनुपर्ने थियो ।

वास्तविकता के हो भने संसारमा लाखौं मानिसहरू खीष्टविना छन् । हामीसँग तिनीहरूको लागि एउटा यस्तो सन्देश छ जसले तिनीहरूलाई नर्कबाट स्वर्गसम्म लैजान सक्छ । तिनीहरूलाई मृत्युदेखि जीवनसम्म लैजान सक्छ । हामीले त्यो सन्देश बोल्नु पर्दछ र परमेश्वर

बचाउनको लागि विश्वासयोग्य हुनुहुन्छ ।

के म साहसी भएर तपाईंलाई केही भनुँ ? तपाईंको छिमेकमा मानिसहरू किन बाँच्दैनन् किन होला ? कारण स्पष्ट छ किनभने हामीले मुख खोलेका छैनन् । हाम्रा मण्डली मार्फत पनि मानिसहरू बाँचेका छैनन् के तपाईंलाई यसको कारण छ । हो हामीले मुख खोलेका छैनौं । परमेश्वरले बचाउनको लागि विश्वासयोग्य हुनुहुन्छ ।

के म साहसी भएर तपाईंलाई केही भनुँ ? तपाईंको छिमेकमा मानिसहरू किन बाँच्दैनन् किन होला ? कारण स्पष्ट छ किनभने हामीले मुख खोलेका छैनन् । हाम्रा मण्डलीमार्फत पनि मानिसहरू बाँचेका छैनन् । के तपाईंलाई यसको कारण छ । हो हामीले मुख खोलेका छैनौं । परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ कि यदि हामीले मुख खोल्यौं भने उहाँले हामीलाई येशूको पुरानो, पुरानो कथा र उहाँको अतुलनीय प्रेम बाँड्न सहायता गर्नुहुन्छ ।

प्रार्थना र सेवकाई

John Piper ले सेवकाईमा प्रार्थनाको महत्वको विषयमा भनेको कुरा मलाई सारै मन पर्दछ, उनी भन्दछन्, "विश्वासीहरूको हातैमा भएको प्रार्थना गडबडी हुनुको कारण तिनीहरूले युद्धको समयमा वाकि-टाकि (सञ्चार गर्ने उपकरणलाई ठिक प्रकारले प्रयोग गरेका हुँदैनौं । जीवन युद्ध हो भनेर विश्वास नगरेसम्म प्रार्थना भनेको के हो, तपाईंलाई थाहा पाउन सक्नुहुन्छ । प्रार्थना भनेको युद्धको समयमा गरिएका कामहरू पूर्तिको लागि हो ।

येशू हाम्रो युद्धको नायक हुनुहुन्छ, उहाँले 'जाऊ र फल फलाऊ' भन्ने सैनिकहरूलाई आज्ञा दिनुहुन्छ । यो आज्ञा प्रधान कार्यालयबाट विकिरणकै रूपमा प्रसारण गरिएको हो । उहाँ भन्नुहुन्छ, यायकले तपाईंलाई सेवकाई दिनुहुन्छ । उहाँले यो तपाईंद्वारा पूरा भएको उहाँ चाहनुहुन्छ । यसरी मलाई तपाईंले अरु मानिसहरूलाई भन्ने सन्देश दिनुभएको छ । यदि तपाईं आफ्नो सेवकाईप्रति इमान्दार हुनुभयो भने, उहाँले पक्कै पनि तपाईंलाई त्यो प्रधान कार्यालयबाट विकिरण तपाईंकोमा आउँछ तपाईंले सल्लाह दिनुहुनेछ र तपाईं र तपाईंका साथीहरूलाई आवश्यक परेको बेला हवाई सुरक्षा पठाउनु हुनेछ ।

"तर लाखौं मसिहीहरूले के गरिरहेका छन् । हामी युद्धमा छौं भनेर तिनीहरूले विश्वास गर्न छाडेका छन् । अविलम्ब भएको छैन, हेरिएको छैन । रणनीतिक योजना छैन, सतर्कता छैन । केवल सजिलो शान्ति र समृद्धि खोजिएको छ । अनि त्यो वाकि-टाकि (सञ्चार उपकरण) लाई के गरेका छन् । युद्धमा होमिएको सेनाले आफ्नो केशघर, कोठा, डुंगा र गाडीहरूमा भित्र भित्र सञ्चा गर्न खोजे तर मुख्य व्यक्तिसँग सम्बन्ध राख्न बिर्सिए । तिनीहरूले थकाई लाग्यो भनेर ओढारहरूमा विश्राम लिन खोजे र सिरानी मगाएर सुत्न खोज अब हेर्नुहोस् के भयो होला" (संस्करण)

समायोजना गर्नु

यसको सुरुमै मैले तपाईंहरूलाई केही छाँटकाँट गर्नु पर्छ भन्ने बारेमा बताएको थिएँ । त्यो समायोजन गर्नुपर्ने कुरा यहाँ छ । "प्रभ, छोरा छोरीहरू, विद्यार्थीहरू, आमा र बुबाहरू, एकल महिला तथा पुरुषहरू जो जो तपाईंसँग आत्मिक युद्धमा समावेश भएकाहरू छन्, तिनीहरूलाई ध्यानमा राखेर म केही छाँटकाँट गर्न चाहन्छु । म तिनीहरूको लागि तिनीहरूसँगै आजसम्म मैले कहिल्यै पनि प्रार्थना नगरेजस्तो गरी प्रार्थना गर्न चाहन्छु । यसरी संयुक्त प्रार्थना गर्न जरुरी छ ।

Jonathan Edwards ले यसरी भनेका छन्, "साँचो जागृति र पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्ने हो भने असाधारण प्रार्थना गर्नु पर्दछ । खीष्टले हामीलाई यही अनुरोध गर्नुभएको छ, "तिमीहरू एकै मनका भएर प्रार्थना गर ।" यो प्रार्थना असाधारण प्रार्थना हो । खीष्ट मध्यस्थकर्ता भए तापनि, उहाँ परमेश्वरको पुत्र भए तापनि हामीलाई असाधारण प्रार्थना गर्नको लागि आग्रह गर्नुहुन्छ । उहाँ आफैंले पनि त्यसरी नै प्रार्थना गर्नुभएको थियो । हाम्रो लागि त्यो एक असल उदाहण हो ।

"पिता म यो समयमा तपाईं हामी हरेकलाई असाधारण प्रकारले प्रार्थना गर्न सिकाउनु होस् । हामी एकदमै व्यावहारिक सिद्धान्त र यसको अर्थ अनि प्रभाव राम्रोसाग बुझ्न सक्छौं । म प्रार्थना गर्न चाहन्छु पिता ! हामीलाई फर्काउनुहोस् कि हामी समायोजन गर्न सकूँ जसले गर्दा हाम्रो आत्मालाई न निभाउन सकौं । हामी तपाईंसँग असाधारण, अटुट र एकताबद्ध भएर प्रार्थना गर्न सक्ने नयाँ स्तरमा हामीलाई हुर्काउनुहोस् । जहाँबाट तपाईंको राज्य आओस् र तपाईंको इच्छा स्वर्गमा भैं यस पृथ्वीमा पूरा होस् भनी हामी प्रार्थना गर्दछौं । हामीलाई रूपान्तरण गर्नुहोस् । हामीलाई यही आग्रह गर्दछौं ।" येशूको नाउँमा प्रार्थना गर्दछौं । आमिन

(Bill Elliff is the founding and National Engage Pastor of Summit Church in North Little Rock Arkensas- सं.)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com